# त्रियुगा नगरपालिका कार्यालय

## उदयपुर, गाईघाट

## सडक मर्मत तथा ग्राभेल कर्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना

( (त्रियुगा एक्सप्रेस राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७३।०१।१२)

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरुको ठेक्का सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएको हुदा निर्माण सम्बन्धी कार्यहरु गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि तोकिएको समय भित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले १५ दिन र ३० दिन भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र र अन्य ठेक्का तथा निर्माण कार्य संग संबन्धित अनुभव सम्बन्धी कागजात सहितको **प्रमाणित प्रतिलिपिहरु** संलग्न राखि निवेदन साथ रु.३००।-(तीन सय) र १०००।-( एक हजार) फिर्ता नहुने गरि त्रियुगा नगरपालिका कार्यालयमा बुझाई सम्बन्धित निर्माण व्यवसायी वा आफ्नो आधिकारीक प्रतिनिधी पठाई यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. बोलपत्र कागजातहरु अध्ययन गरि उल्लेखित सबै विवरणहरु अनिवार्यरुपमा प्रष्टसंग भरि सम्बन्धित निर्माण व्यवसायी वा तोकिएको आधिकारिक प्रतिनिधीले बोलपत्र संबन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग फर्मको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर तथा कामको नाम समेत लेखि १६ औं र ३१ औं दिनको अपरान्ह १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । यसरी दाखिला भएका शिबिन्दी बोलपत्र फारम सोही दिनको २.०० बजे उपस्थित बोलपत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिने छ । बोलपत्रदाता तथा निजको आधिकारिक प्रतिनिधीहरु अनुपस्थित रहेमा शिबिन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिबिन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको २.५ % ले हुने बोलपत्र दाखिला गर्नेअन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानीपत्र (Bid Bond) वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक, शाखा कार्यालय, गाईघाट स्थित धरौटी खाता नं. ग-२०९-०३०-३००२ (धरौटी) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

५. कार्यालयबाट प्रमाणित बोलपत्र पुस्तिकामा बोलपत्र निशर्त, केरमेट नभएको कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्ने छ । रित नपुगेको,शिबिन्दी भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित र उल्लेखित लागत अनुमान भन्दा बढी भएको बोलपत्र मान्य हुने छैन ।

६. बोलपत्र भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट दर बिश्लेषण गरि स्पष्टरुपमा अंक र अक्षर दुवैमा अनिवार्य भर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिईने छ । बोलपत्र दाताले गर्नु पर्ने काम र निर्माणस्थल संबन्धी राम्रो संग बुझि दररेट भरेको मानिने छ ।

७. बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

८. जुन फर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दखिला गर्नु पर्ने छ ।

९. बोलपत्रसाथ पेश गरेको प्रतिलिपी कागजातहरु आवश्यक परेमा सक्कलै माग गरि जाँचिने छ । नक्कली कागजात प्रस्तुत गरेको पाईएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरि सो फर्मलाई कालो सुचीमा राखिने छ र सोको लिखित जानकारी संबन्धित निकाय सबैमा दिईने छ ।

१०. बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

११. बोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गाईघाट स्थित धरौटी खाता नं. ग-२०९-०३०-३००२ (धरौटी) खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तिमा १ बर्षको मान्य अवधि भएको कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कार्य सम्पादन जमानीपत्र (Performance Bond) सहित निर्माण कार्य सूची (Work Schedul) बनाई पेश गर्नु पर्ने छ ।

१२. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र स्थानीय निकाय आर्थिक पशासन नियमावली, २०६४ र प्रचलित कानून बमोजिम तथा अरु थप बुदाहरु बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिम हुने छ ।

१३. बोलपत्र संबन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा संपर्क राख्न सकिने छ ।

### शिलबन्दी बोलपत्रको विवरण

| सि नं | ठेक्का नं. | कामको विवरण | ला.अ.(मु.अ.क.र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | ०१।०७२।०७३ | सिमलटार अधुरो कालोपत्रे मर्मत – १ र सुगमटोल सडक–१ र गाईघाट बजार सडक–२ कालोपत्रे मर्मत | रु.१२,३१,७५६।९३ | १,०००।- |
| २. | ०२।०७२।०७३ | बुर्जाकान्ला हुदै पिपलचौरी, खारखोला सडक मर्मत तथा ग्राभेल–९ | रु.९,८६,११६।२६ | ३००।- |
| ३. | ०३।०७२।०७३ | बगाहा खोला सर्वेशर मन्दिर हुदै शोभित मार्ग वाट फर्छोट जंगल जाने सडक मर्मत – ८ र इभर ग्रीन पश्चिम बुद्धिलाल चौधरीको घर सम्म सडक मर्मत–७ | रु.८,०१,४८४।८० | ३००।- |
| ४. | ०४।०७२।०७३ | शितल पुर चैनपुर सम्म सडक मर्मत तथा ग्राभेल– १२ र सिता भन्जाङ्ग देखि सरस्वती सम्म– १३ | रु.८,६३,०२१।९५ | ३००।- |